# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

उद्योग मन्त्रालयका सचिव श्री राधारमण उपाध्याय थाईल्याण्डको च्याङमाईमा संचालन हुने एशियाली उत्पादकत्व संगठनको संचालक समितिको २८ सौं बैठकमा भागलिन त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री रविदेव शर्मालाई मिति २०४३।३।१ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४३।२।१९ को निर्णयानुसार जिल्ला कार्यालय, रसुवाका प्र. जि. अ. श्री रामेश्वर देवकोटा घर बिदामा बस्नुभएकोले उहाँ हाजिर नभएसम्म सो प्र. जि. अ. पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री मोहनबहादुर के. सी. लाई मिति २०४३।२।१४ देखि का. मु. मुकरर गरिएको छ।

आज्ञाले,
हीरालाल गभाजु
कानून अधिकृत (उपसचिव)



289

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।